# जिल्ला समन्वय समितिको कार्यालय
## डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

:०९६-४१०१४४
:dccdadeldhura7@gmail.com
info@dccdadeldhura.gov.np


प.सं.: २०८२/०८३
च.न.:

जिल्ला समन्वय समितिको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०८३।०१।१६

**विषय : सुझाब पठाईएको बारे ।**

श्री स्थानीय तहहरु सबै, डडेल्धुरा ।
श्री जिल्ला स्थित संघीय, प्रादेशिक कार्यालय, संघ/संस्थानहरु सबै, डडेल्धुरा ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिका प्रमुख श्री गगन सिंह भण्डारीज्युको अध्यक्षातामा यस जिल्लाका स्थानिय तहहरुका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित संघीय, प्रादेशिक कार्यालय, संघ/संस्थानहरुका प्रमुखहरु, राजनीतिक दलका प्रमुख/प्रतिनिधि, गैर सरकारी संस्थाका प्रमुख/प्रतिनिधि लगायतका अन्य निकायका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा मिति २०८३।०१।१० गते जिल्ला समन्वय समितिको कार्यालय, डडेल्धुराको सभाहलमा सम्पन्न भएको चालु आ.व.२०८२।०८३ को हाल सम्मको प्रगति समिक्षा कार्यक्रममा उठेका जिज्ञासाका विषयमा आवश्यक सुझावहरु यसै पत्रसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८३।१।१६

..................
जितेन्द्र प्रसाद ओझा
नि.जिल्ला समन्वय अधिकारी



CamScanner

जिल्ला समन्वय समितिको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## प्रस्तुतिकरणका क्रममा उठेका समस्या माथि सुझाव
## स्थानिय सरकारहरुलाई सुझाव

- स्थानीय तहका रिक्त पद पुर्तिका लागि प्रदेश लोक सेवा आयोग संग विवरण नलुकाई माग गर्ने ।
- कार्यक्रम/योजनाहरु साना टुक्रे नबनाई पाँच लाख भन्दा माथि बजेट भएका मात्र बनाउने, स्थानीय सरकारको आवधिक योजनाका आधारमा आयोजना बैंक निर्माण गरी आयोजना बैंकको प्राथमिकिकरण गरेर मात्र विनियोजन गर्ने ।
- आन्तरीक आयमा बढोत्तरीका लागि राजश्व सुधार कार्ययोजना लाई समयानुसार अद्यावधिक गर्ने ।
- अधिकांश स्थानीय तहहरुका बहुबर्षिय योजनाहरुको भौतिक र वित्तीय प्रगति कम देखिएकाले सम्बन्धीत निर्माण व्यवसायीलाई जवाफदेही बनाउने ।
- योजनाहरुको कार्यान्वयनमा प्राविधिक क्षमता अभाव भएको अवस्थामा जिल्ला स्थित संघीय र प्रादेशिक कार्यालयहरुसंग समन्वय गर्ने ।
- ठेक्का तथा खरिद व्यवस्थापन समयमै गर्ने ।
- विषयगत शाखा प्रमुखहरुसंग **LGPAS** मा उल्लेखित विषयगत सूचकहरुसंग आवद्वता गरी कार्य सम्पादन सम्झौता गर्ने ।
- पालिका भित्र अन्य निकाय/कार्यालयहरुबाट संचालित आयोजनाहरुको अभिलेख तयारी तथा नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।
- गैर सरकारी संस्थाहरुका काम कारवाहीहरुको निगरानी गरी आवश्यक क्षेत्रमा मात्र पालिकाका कार्यक्रमसँग आबद्ध हुने गरी परिचालन गर्ने ।
- साझा सरोकारका प्राकृतिक स्रोत साधनको प्रयोगका विषयमा सिमा जोडिएका स्थानिय तहहरुसंग समन्वय गर्ने ।
- योजना तथा कार्यक्रमहरुको अनुगमनलाई प्रभावकारी वनाउन कम्तीमा वर्षमा एक पटक सर्वपक्षीय अनुगमन गराउने व्यवस्था मिलाउने ।
- कार्यालयहरुका सूचनाहरुमा सरोकारबालाहरुको पशुँच सुनिश्चित गर्न कार्यालयका Website, facebook page निर्माण तथा अद्यावधिक गर्ने ।
- कार्यक्रम तथा योजनागत रुपमा लाभग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट पृष्ठपोषण लिई योजना तथा कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरु पहिचान गरी सुधार गर्ने ।
- आफ्नो निकायबाट कार्यान्वयन भएका आयोजनाहरुको सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गर्ने भरपर्दो व्यवस्था मिलाउने ।
- गाउँ/नगरपालिकाको प्रोफाईल अद्यावधिक गरी बसाईसराईलाई रोक्ने खालका कार्यक्रमहरु नीति तथा कार्यक्रमहरुमा समावेश गर्ने ।
- पालिका भित्रका नागरिकता प्राप्त नगरेका नागरिकहरुको अभिलेख तयार गरी नागरिकता प्राप्तीका लागि सम्बन्धित वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने ।
- पालिका भित्रका बजारहरुको नियमित अनुगमन गरी सरोकारबालाहरुलाई जानकारी गराउने ।
- विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुको भौगोलिक अवस्था हेरी तह मिलान गर्ने तथा आवाशीय विद्यालय स्थापनाका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने ।
- लागु औषध नियन्त्रण, महिला हिंशा रोकथाम, आत्महत्या रोकथामका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

९।१६

प्र.जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**जिल्लास्थित संघीय र प्रदेशका कार्यालय, संघ संस्थान तथा आयोजनाहरुलाई सुझाव**

- कार्यालयको स्वीकृत दर्बन्दी अनुसार पदपुर्तीका लागि सम्बन्धित निकायमा पठाउने ।
- ठेक्काको सुरुवाती चरणमा सरोकारवाला विषयगत कार्यालयहरु (वन, विद्युत लगायत) र लाभग्राही स्थानीय तहसँग समन्वयात्मक बैठक गरी कार्यान्वयनको सुरुवात गर्ने ।
- कार्यालयबाट पालिकाहरुमा सञ्चालित योजनाहरुको कार्यान्वयनका क्रममा समग्र अवस्थाको जानकारी सम्बन्धित साईड ईन्चार्ज मार्फत पालिकाहरुमा समेत गर्ने व्यवस्था मिलाउने ।
- निर्माण स्थलको सुनिश्चतता नभइ कार्यक्रम कार्यान्वयन प्रकृया अघि नबढाउने ।
- कार्यालयसँग सम्बन्धित तथ्याङ्कहरु अद्यावधिक गर्ने (जस्तै भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको भैसीको संख्या)
- गाउँ/नगरपालिकाहरुमा सञ्चालन हुने साना योजनाहरु सम्बन्धित पालिकामा ससर्त हस्तान्तरण गर्नका लागि तालुक निकायहरुसँग समन्वय गर्ने ।
- अनुदान वितरणका कार्यक्रमहरुमा सम्बन्धित स्थानीय तह र स्थानीय प्रशासनको प्रतिनिधित्व समेत सुनिश्चित गरी दोहोरोपना हुन नदिने ।
- कार्यालयमा कर्मचारी नभेटिएको गुनासोहरु समेत प्राप्त भएकाले गुनासो सम्बोधन गर्न कार्यालयको कुन कर्मचारी कहाँ (कुन साईड) गएको हो खुल्ने गरी कार्यालय प्रमुखको कार्यकक्षमा सेवाग्राहीहरुले समेत देख्ने गरी दैनिक तालिका निर्माण गर्ने ।
- एउटै प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई कम लागतमा प्रभावकारी तबरले सम्पन्न गर्न योजना तथा कार्यक्रमहरुको विवरण जिल्ला समन्वय समितिमा पठाउने ।
- आयोजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउन हरेक आयोजनामा कम्तीमा एक पटक सर्वपक्षीय अनुगमन गराउने व्यवस्था मिलाउने ।
- कार्यालयहरुका सूचनाहरुमा सरोकारवालाहरुको पहुँच सुनिश्चित गर्न कार्यालयका Website, Facebook page निर्माण तथा अद्यावधिक गर्ने ।
- कार्यक्रम तथा योजनागत रुपमा लाभग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमवाट पृष्ठपोषण लिई योजना तथा कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरु पहिचान गरी सुधार गर्ने ।
- आफ्नो निकायवाट कार्यान्वयन भएका आयोजनाहरुको सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरी संरक्षणको भरपर्दो व्यवस्था मिलाउने ।
- समयमा काम नसक्ने, काममा लापरबाही गर्ने निर्माण व्यवसायीहरुलाई कानुनी दायरामा ल्याउने ।

९।१६

जि.जिल्ला समन्वय अधिकारी

CamScanner

जिल्लास्थित अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई सुझाव

- सेवाग्राहीको चाप अनुसार टिकट काउन्टर तथा अनलाईन टिकटको व्यवस्था मिलाउने ।
- स्वास्थ्य विमा काउन्टर र सामान्य टिकट काउन्टरमा छुट्टाछुट्टै जनशक्तिको व्यवस्था गर्ने ।
- अस्पतालबाट नियमित रुपमा प्रदान हुने सेवाहरुसंग सम्बन्धित उपकरणहरुको Back Up राख्ने व्यवस्था मिलाउने(जस्तै एक्सरे मेसिन बिग्रिदा धेरै महिना सेवा अबरुद्ध हुन गएको)
- स्वास्थ्य जाँचका रिपोर्टहरु जाँचपश्चात थन्काउने अवस्था रहेको गुनासाहरु आएकोमा रिपोटहरु जेनेरेट हुने समयमै उपलब्ध हुने व्यवस्था मिलाउने ।
- अस्पतालमा प्लाष्टिक झोलाहरु प्रयोग भईरहेको देखिकोले सोको बैकल्पिक व्यवस्था यथासिघ्र गर्ने ।
- स्वास्थ्य परीक्षणका दरहरुको सूचि सेवाग्राहीहरुले देख्ने ठाँउमा राख्ने व्यवस्था मिलाउने ।
- अस्पतालमा दरबन्दी भई अन्यत्र कामकाजमा रहेका जनशक्ति फिर्ताका लागि आवश्यक कार्य गर्ने ।
- अस्पतालका विभिन्न विभागहरुमा सेवा दिने जनशक्तिको योग्यता सहितको Name Plate राख्ने व्यवस्था मिलाउने ।
- खासगरी अस्पतालमा कार्यरत केही जनशक्तिको व्यबहार सेवाग्राही मैत्री नभएको भन्ने गुनासो आएकोले अस्पतालमा कार्यरत कर्मचारीहरुलाई व्यवहार परिबर्तन सम्बन्धी तालिमको व्यवस्था वा कार्यसम्पादनको वस्तुनिष्ठ मुल्यांकन गरी पुरुस्कार र दण्डको व्यबस्था गर्ने ।
- डडेल्धुरा अस्पतालमा मेडिकल कलेज स्थापनाका लागि भईरहेको पहललाई निरन्तरता दिने ।

जिल्ला प्रशासन कार्यालयलाई सुझाव

- हुलाकबाट घरघरमा राहदानी वितरण जस्ता असल अभ्यास भए पनि बढि उमेर भई नागरिकता प्राप्तीका लागि जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीको समय धेरै दिन लाग्ने गुनासो उठेकोमा सामान्य बाहेक कागजात पुरा नभएका तर कार्यालयमा सेवा लिन आएंका सेवाग्राहीहरुको कागजातहरु सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयले पुरा गरी कागजातहरु नागरिकता प्रदान गर्न पर्याप्त भएमा सम्बन्धित सेवाग्राहीलाई कार्यालयमा बोलाई नागरिकता प्रमाणपत्र वितरण गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुने ।
- राष्ट्रिय परिचयपत्रको विवरण दर्ताका लागि जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभागसँग समन्वय गरी पालिकाहरुमा टोली पठाई विवरण दर्ता गराईदिएमा नागरिकहरुलाई सहजता हुने ।
- जिल्लास्थित मुख्य बजारहरुमा नियमित अनुगमन हुने गरेको भए पनि पालिकातिरका साना बजारहरुमा म्याद नाघेका अखाद्य वस्तुहरु विक्रि वितरण हुने गरेको पाईएकोले मुख्य बजार वाहेकका क्षेत्रहरुमा पनि सम्बन्धित पालिकासँगको समन्वयमा बजार अनुगमन गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुने ।